प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

**नक्टाझिज, धनुषा**

## कृषि सडक निर्माण कार्यक्रम संचालन को लागि प्रस्ताव वुझाउने म्याद थप गरिएको सूचना

प्रकाशित मिति २०७७/२/१८

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण गर्ने उदेश्यले गरिएको लकडाउनका कारण उत्पन्न असहज परिस्थितिले गर्दा यस निर्देशनालयवाट मिति २०७७/२/४ गते प्रकाशित कृषि सडक निर्माण कार्यक्रम संचालनको लागि प्रस्ताव लागि स्थानिय तह वा उपभोक्ता समिति वा कृषि उत्पादनमा संग्लन फर्म/उद्यमीको एकल वा संयुक्त लागत साझेदारीमा कृषि सडक (१३ फिट देखि २४ फिट सम्म चौडाइ भएको निर्धारीत लम्बाईमा ग्रेभल वाटो) निर्माणको लागि तोकिएको ढाँचामा देहायका कागजातहरु सहित खामवन्दी प्रस्ताव वुझाउने म्याद मिति २०७७/०२/२५ गते सम्म थप गरिएको व्यहोरा अनुरोध छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावलाई छनौट प्रकृयामा समाबेश गरिने छैन। कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम यो कार्यक्रम संचालन गरिनेछ। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा यस सम्वन्धमा थप जानकारी स्तुत जानकारी र प्रस्ताब पत्र यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

- अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।
- फर्म/कम्पनिको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
- आयोजना प्रस्ताव (उदेश्य, औचित्य, सम्भाव्यता, ईन्जिनियरीङ्ग डिजाईन/ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन, जग्गा स्वामित्वको किसिम, सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य कृयाकलापहरु सहितको संक्षिप्त विवरण)।
- आयोजनाको ईन्जिनियरीङ्ग डिजाईन (ड्रईङ्ग/स्पेशिफिकेशन) र लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम १५ प्रतिशत हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने।
- स्थानिय तह वा उपभोक्ता समिति वा सझेदारी फर्म/कम्पनिको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।
- उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीहरुको आमभेलाले उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि।
- कृषि सडक निर्माण आयोजनाले ओगट्ने जग्गाका जग्गा धनीहरुको कित्ता नं खुलेको विवरण।
- आयोजनाको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा बाटो कायम गर्न स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस।
- प्रस्तावित स्थलमा कृषि सडक निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र।
- निर्देशनालयले आवश्यक ठानेमा थप कागजातहरु जस्तै जग्गाको नक्शा, चारकिला सिफारिश पत्र, जग्गाको फिल्डवुक उतार आदी मांग गरेमा पेश गर्नु पर्ने छ। ती कागजात नबुझाउन सके समझौता गरिने छैन।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि प्रसार अधिकृत श्री परमानन्द चौधरी (मो.न. ९८५१२२१२७५) वा अधिकृत छैठौं श्री नथुनी यादव (मो.न. ९८२७७१२७०७) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा

नि प्रमुख